# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
**शनिश्चरे, झापा, प्रदेश नं. १ (नेपाल)**

प.सं.
च.नं. ११९

मिति: २०७७/०४/१४

विषय: शैक्षिक गतिविधि सञ्चालन सम्बन्धमा ।

श्री सबै सामुदायिक/धार्मिक र संस्थागत विद्यालयहरु
अर्जुनधारा, झापा ।

प्रस्तुत विषयमा नेपाल सरकारले मिति २०७६ चैत्र ११ गतेदेखि घोषणा गरेको लकडाउन मिति २०७७ श्रावण ७ गतेबाट खुला गरिए पनि अहिलेसम्म नेपाल सरकारबाट विद्यालयको नियमित पठनपाठन खुला गर्ने सम्बन्धमा कुनै निर्णय नभएको अवस्थामा यस नगरपालिका स्थित केही विद्यालयहरुले नेपाल सरकारले जारी गरेको बैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७ ले व्यवस्था गरेको प्रावधान विपरीत विद्यालय खुलाई पूर्ववत रुपमा पठनपाठन सञ्चालन गरेको भन्ने विषयले यस शाखाको गम्भीर ध्यानाकर्षण गरेको छ । कोभिड १९ को संक्रमण फैलिरहेको यस अवस्थामा कुनै पनि तहका सरकारको निर्देशन विपरीत विद्यालय सञ्चालन गर्ने विषय प्रचलित कानून बमोजिम दण्डनीय हुने भएकाले यस शाखाबाट कुनै औपचारिक सूचना नभएसम्मका लागि कुनै पनि प्रकारका विद्यालयहरुमा विद्यार्थी भर्ना र पठनपाठनको प्रक्रिया अघि नबढाउन हुन यो सूचना प्रकाशन गरिएको छ । यस सूचनाको वेवास्ता गरी कुनै विद्यालयमा विद्यार्थी भर्ना लगायत पठनपाठन जस्ता शैक्षिक गतिविधि सञ्चालन गर्दा आइपर्ने परिणामको सम्पूर्ण जवाफदेही विद्यालयहरु हुने तथा प्रचलित कानून वमोजिम सख्त कार्यवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०७७/०४/१४
..................
(तोयानाथ रेग्मी)
उपसचिव

तोयानाथ रेग्मी
उप सचिव (रा.प. द्वितीय)

बोधार्थ
१. नगर प्रमुखज्यू,
२. नगर उपप्रमुखज्यू,
३. प्रमुख प्रशासकीय अधिकृतज्यू,
अर्जुनधारा नगरपालिका झापा

**website: www.arjundharamun.gov.np**
**Email:info@arjundharamun.gov.np/arjundharamun@gmail.com**
**Phone No.023465502**